## एउटा कथा

सेवकाईमा, तपाईंले हरसमय यो शब्द प्रयोग गर्नुहुनेछ, जसको अर्थ हो, तपाईंले यो शब्द बुझ्नुपर्छ।
अनि चाखलाग्दो कुरा के भने, कहिलेकहीं हामीलाई बाइबलको कथा वास्तवमा थाहा हुँदैन। यसमा ६६ वटा पुस्तक छन्, र हामी एक–एक कथाहरू जान्दछौं। हामीलाई केही दृष्टान्तहरू थाहा छ। तर हामीलाई कथा थाहा हुँदैन। एलिया राजा दाऊद वा एस्तरसँग कसरी मिल्छ, र विभिन्न घटनाहरू कसरी आपसमा मिल्छन् त्यो हामी जान्दैनौं। अनि यो खम्बा पाठ्यक्रममा, हामी केवल समय निकालेर एउटा कथा भन्न चाहन्छौं।
तपाईं यस पुस्तकको कथा भन्नुहोस्, त्यो अध्ययन गर्नुहोस् र शिक्षा दिनुहोस्, यसो गर्दा तपाईं सम्पूर्ण कथा बुझ्नुहुनेछ। यो एक चुनिएको कथा हो। परमेश्वरले मानिसहरूलाई यो कथा लेख्न आत्माद्वारा प्रेरित गर्नुभयो। यस कथामा विभिन्न चरणहरू छन्। यो आदिमा सुरु हुन्छ, जुन वास्तवमा सही होइन, किनकि परमेश्वरको कथाको एक भाग छ जुन सृष्टि हुनुभन्दा पहिलेको हो। तर उत्पत्ति १ अध्यायमा, यो सृष्टिको प्रक्रिया हुन्छ। आदिकालको पहिलो समयमा केवल सृष्टि मात्र नभएर धेरै कुराहरूको सुरुवात भएको छ। त्यो जीवनको सुरुवात हो। अनि उत्पत्तिको पुस्तकले मानिसको दृष्टिकोणबाट जीवनको सुरुवातको बारेमा बताउँछ, जुन बेला एक पुरुष र महिला परमेश्वरको स्वरूपमा सृष्टि गरिएको थियो। त्यहाँ पापको सुरुवात भएको छ, जहाँ तिनीहरूले हामी सबैले सामना गर्ने परीक्षाको सामना गर्छन्। तिनीहरूले आफू पापमा पतन भएको अनुभव गर्छन्। त्यहाँ एउटा दण्ड आउँछ। तिनीहरूलाई अदनको बगैँचाबाट बाहिर धपाइन्छ, जुन धेरै प्रकारले आदिदेखि नै परमेश्वरको भलाइ र अनुग्रह थियो। यदि तिनीहरू आफ्नो पापसहित त्यो बगैँचामा बस्थे भने त्यसपछि तिनीहरूले जीवनको रूखको फल खाने कोसिस गर्थे, अनि तिनीहरू सधैँभरि पापको अवस्थामा जिउने थिए। त्यसैले तिनीहरू बगैँचाबाट निकालिए, तैपनि यो परमेश्वरको छुटकाराको कथाको सुरुवात हो। उत्पत्तिको पुस्तकमा जलप्रलयको कथा छ। यो मानिसको स्वभावको कथाको सुरुवात हो। यसले मानिस उसको हृदयमा कति दुष्ट छ भन्ने कुरा लगायत परमेश्वरको प्रेम र पुनर्स्थापना र छुटकाराका लागि परमेश्वरको दयाको वर्णन गर्दछ। त्यहाँ जातिहरूको सुरुवात छ। त्यहाँ बाबेलको धरहराको कथा छ, जहाँ तिनीहरू सबै एउटै मानिसहरूको रूपमा छन्, र परमेश्वरले तिनीहरूलाई गुणन गर्न र फैलाउन यो निर्देशन दिनुभएको छ। तर तिनीहरूले एउटा धरहरा बनाउँछन् र तिनीहरू भन्छन्, 'होइन, हामी आफ्नो नाउँ राखौं।'
अनि तिनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गर्छन्। अनि परमेश्वर ओर्लनुहुन्छ र उहाँको आफ्नो उद्देश्य र योजना पूरा गर्दै तिनीहरूलाई छरपष्ट पार्नुहुन्छ। यही नै सुरुआतहरू हुन्।
यो पहिलो चरण, अर्थात् उत्पत्तिको पहिलो ११ अध्यायहरूले बाइबलको बाँकी भागलाई स्थापित गर्दछ।
परमेश्वरले हामीलाई सृष्टि गर्नुभएको छ। उहाँले हामीलाई आफ्नो भलाइ देखाउनुभएको छ। उहाँ हामीसँग सम्बन्धमा रहन चाहनुहुन्छ। तर हामी टाढा गयौं र हामी उहाँबाट टाढा भएका छौं। तैपनि, आदिमा ती पहिलो ११ अध्यायहरूमा, तपाईंसँग सुसमाचारको सन्देश छ। उत्पत्ति ३ अध्यायमा तपाईं बीउ (सन्तान) पाउनुहुन्छ। परमेश्वर हामीमा बास गर्न चाहनुहुन्छ। तपाईंसँग पृथ्वीका सबै जातिहरू छन् जसको माझमा परमेश्वरले काम गर्दैहुनुहुन्छ। यही नै सुरुवातहरू हो। तर त्यहाँदेखि परमेश्वरले त्यो ठूलो समूह लिनुहुन्छ र त्यसलाई एउटा जातिमा समेटनुहुन्छ, जुन जातिद्वारा उहाँले आफ्नो योजनामा काम गर्न लाग्नुभएको छ। अनि यो अब्राहामको कथाबाट सुरु हुन्छ। यो त्यो चरण हो जुन इस्राएली जातिका संस्थापक पिताहरू – अब्राहाम, इसहाक, याकूब र यूसुफसँग सम्बन्धित छ। अब्राहामले करार प्राप्त गर्छन्। तिनी नयाँ करारभरि परिचित छन् र विश्वास गर्ने व्यक्तिको उदाहरणको रूपमा छन्। **रोमी** ४ अध्यायले विश्वासद्वारा धार्मिकता प्राप्त गर्नेबारे बताउँछ। अब्राहाम परमेश्वरका मित्र थिए। अनि अब्राहामचाहिँ परमेश्वरले हामी सबैका मुक्तिका लागि एउटा जातिद्वारा काम गर्न सुरु गर्नुभएको चित्र हो, साथै त्यहाँ तिनीसित हाम्रो सम्बन्धको पनि वर्णन गरिएको छ। अब्राहामको इसहाक नाउँको छोरा थियो। अनि इसहाकले आशिष् कसरी हस्तान्तरण हुन्छ भनी देखाउँछन्। इसहाक सबैभन्दा प्रसिद्ध व्यक्ति थिएनन्, तर परमेश्वरको विश्वासयोग्यता त्यहाँ छ। इसहाकको याकूब नाउँको छोरा थियो। याकूबको कथा पहिचान परिवर्तन र याकूबसँग परमेश्वरको धैर्यको बारेमा छ, जस्तो हामीसँग पनि परमेश्वरले धैर्य गर्नुहुन्छ। अनि त्यसपछि याकूबका छोराहरू थिए, जसमध्ये इस्राएलका १२ कुल थिए। ती छोराहरूमध्ये एक योसेफ थिए। तपाईंले परमेश्वरको ईश्वरीय योजना देख्न थाल्नुहुन्छ किनकि देशमा अनिकाल परेको छ। तिनका १२ छोरा भएकाले, परमेश्वरले इस्राएलको सम्पूर्ण कुललाई मिश्रमा बसाइँ सार्नुहुन्छ, किनकि योसेफ दासत्वमा बेचिएको हुन्छ। तिनी मिश्रमा पुग्छन्। तपाईंलाई उत्पत्तिको अन्त्यतिरको कथा थाहा छ होला, जहाँ तिनी एक प्रभावशाली पदमा पुग्छन्। अनि अनिकाल पर्छ। तर योसेफले परमेश्वरको अभिषेकमा मिश्रलाई मात्र होइन, आफ्नो परिवारलाई पनि बचाउँछन्। अनि अब तपाईंसँग इस्राएलीहरूलाई एउटा परिवारले प्रतिनिधित्व गरेको पाउनुहुन्छ, ती १२ छोरा, जो १२ कुल हुनेछन् र मिश्रमा बस्छन्।
अनि तिनीहरू फस्टाउँदै गएका छन्। अनि तिनीहरू असल जीवन बिताइरहेका छन्। उत्पत्तिको पुस्तकको अन्त्य यस्तै विवरणद्वारा हुन्छ। जब तपाईं प्रस्थानको पुस्तक खोल्नुहुन्छ, त्यसमा पूर्ण रूपमा फरक कथा पाउनुहुन्छ। ४०० वर्ष बितेर जान्छ। अनि अब तिनीहरू निर्वासनमा जिइरहेका छन्। अब तिनीहरू १२ छोरा भएको एउटा परिवार मात्र होइनन्। अब लाखौं मानिसहरू पूर्ण रूपमा निर्वासनमा छन्। अनि परमेश्वरले आफ्नो योजनामा भन्नुहुन्छ, 'ठीक छ, अब हामी प्रस्थानमा सर्नेछौं।' परमेश्वरले हामीलाई

कसरी प्रतिज्ञा गरिएको भूमिमा दासत्वबाट छुटकारातर्फ लैजाँदैहुनुहुन्छ भन्ने कुराको यो अर्को जानकारी हो। अनि यसले मोशा नाउँको व्यक्तिलाई खड़ा गर्दछ, जसलाई परमेश्वरले इस्राएलीहरूलाई छुटकारा गराउन बोलाउनुहुन्छ। त्यहाँ परमेश्वरले ल्याउनुभएका यी १० वटा विपत्तिको चर्चा छ। प्रत्येक विपत्तिले मिश्री देवताहरूको प्रतिवाद गऱ्यो। यसद्वारा परमेश्वरले उहाँ शक्ति हुनुहुन्छ र उहाँ अधिकार हुनुहुन्छ भनिरहनुभएको छ। अनि उहाँले शासन गर्नुहुनेछ र जे भइरहेको हुन्छ त्यसमाथि उहाँको नियन्त्रण हुनेछ। तर सबैभन्दा महत्त्वपूर्ण निस्तार–चाड़ थियो, जुन ख्रीष्टको तस्वीर हो।

जहाँ निस्तार–चाड़मा कुनै खोट नभएको पशु बलि गर्नुपर्थ्यो र त्यसलाई मार्नुपर्थ्यो। अनि परमेश्वरबाट आउने दण्डले त्यो घरलाई नाघेर जान्थ्यो। त्यो घर बचाइन्थ्यो। अनि इस्राएलले मिश्रबाट प्रस्थान गर्दछ। अब मोशाले इस्राएलीहरूलाई दासत्वबाट बाहिर निकाल्दा त्यो एउटा छोटो यात्रा थियो। प्रतिज्ञा गरिएको देशमा पुग्न केही हप्ताको कुरा मात्र थियो। तर तिनीहरू त्यो बाटो भएर जाँदैनन्। परमेश्वरले तिनीहरूलाई सीनै पर्वतमा पठाउनुहुन्छ, जहाँ तिनीहरू धेरै महिनासम्म पाल टाँगेर बस्छन्। किनकि सीनै पर्वतमा लाखौं दासहरूको समूह एक राष्ट्र बन्छ। परमेश्वरले आफ्नो व्यवस्था स्थापित गर्नुहुन्छ, मोशा १० आज्ञा लिएर सीनै पर्वतबाट तल आउँछ। तिनले व्यवस्थित भएर बस्नका निम्ति प्रशासनको एउटा ढाँचा बनाउँछन्। तिनले तिनीहरूका निम्ति एक प्रकारको धर्म स्थापित गर्छन्। अब तिनीहरू प्रतिज्ञा गरिएको देशमा जान तयार छन्। तिनीहरू प्रतिज्ञा गरिएको देशमा पुग्न पहाड़को उकालो यात्रा गर्छन्। तर यस बेला तिनीहरूले परमेश्वरको विरुद्धमा पाप गर्छन्। त्यहाँ एउटा घटना छ जुन बेला तिनीहरूले यहोशू, कालेब र केही अरू केहीलाई जासूसी गर्न पठाउँछन्। तिनीहरू सबै एउटै खबर बोकेर फर्किआउँछन्। त्यो ठाउँ सुन्दर छ। यो फलफूल र महले भरिएको, अति सुन्दर छ। तर त्यहाँ दैत्यहरू छन्।
अनि जासुसी गर्न जाने धेरै जनाले हामी त्यो देश जित्न सक्दैनौं भन्छन्।
यहोशू र कालेबले मात्र हामी परमेश्वरको शक्तिद्वारा जित्न सक्छौं भने। तर मानिसहरूले ती जासूसहरूका कुरा पत्याउँछन् र तिनीहरूको अनाज्ञाकारिताको कारण परमेश्वर अब भन्नुहुन्छ, अब तिमीहरूको एउटा पुस्ता उजाड़–स्थानमा भटकिनेछ र एउटा नयाँ पुस्ता आउनेछ। यसरी हामी सुरुदेखि नै मिश्रमा इस्राएली जातिको स्थापनादेखि मोशा सीनै पर्वतमा एक राष्ट्र बनेर उनीहरूलाई छुटाएका अनि तिनीहरूको पापको कारण उजाड़–स्थानमा भटकिएका पाउँछौं। अब तिनीहरू मिश्रबाट छुटकारा पाएको ४० वर्षपछि प्रतिज्ञा गरिएको देशमा जानका लागि तयार हुन्छन्। अनि यहोशूले अगुवाको जिम्मेवारी लिन्छन्। अब तपाईंसँग यहोशू जस्ता पुस्तकहरू छन् जसले कथाको यस भागमा के भयो भनी बताउँछन्। यहोशूले इस्राएलीहरूलाई प्रतिज्ञा गरिएको देश जित्नका लागि नेतृत्व गर्छन्। यहोशूको पुस्तकले प्रायः ३० वर्षको समय समेट्छ। अनि तपाईंले इस्राएलीहरूमा परिवर्तन भएको देख्नुहुन्छ।
पहिले तिनीहरू दासत्वमा थिए।
त्यसपछि तिनीहरू उजाड़–स्थानमा घुमिहिँडे। तर अब तिनीहरू प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्छन् र तिनीहरूको जीवन पूर्ण रूपमा परिवर्तन हुन्छ, किनकि प्रतिज्ञा गरिएको देश, कनान देश यसको भौगोलिक बनावट पूर्ण रूपमा भिन्न छ। त्यहाँ पहाड़हरू छन् र तिनीहरू १२ कुलको रूपमा बसोबास गर्छन्, तर यी १२ कुल एकअर्काबाट धेरै अलग हुन्छन्। सञ्चार–सम्पर्क गर्न गाह्रो हुन्छ। एकअर्कासँग बातचित गर्न गाह्रो हुन्छ। तिनीहरू उजाड़–स्थानमा हुँदाको जस्तो परमेश्वरमा पूर्ण रूपमा निर्भर एक राष्ट्र नबनेर अब आफैमा निर्भर रहने १२ कुल बन्छन्। तिनीहरू उजाड़–स्थान हुँदा कुनै रूपमा कमजोर थिए भने अब बलियो बन्छन्। तिनीहरू अब घुमन्ते बन्न छाडेर स्थापित किसान बन्छन्। प्रतिज्ञाको देशमा पुगेपछि अझै पनि तिनीहरूले परमेश्वरको आज्ञा उल्लंघन गर्छन्, किनकि परमेश्वरले यहोशूलाई तिमीहरूले प्रतिज्ञा गरिएको देशमा भएका अरू सबै जातिलाई हटाउनुपर्छ भन्नुभएको थियो। अरू सबै जातिहरूलाई तिनीहरूले जित्नुपर्छ भन्नुभएको थियो। किनकि ती जातिहरू त्यहाँ रहे भने त्यसको नराम्रो प्रभाव पर्नेछ भनी उहाँ जान्नुहुन्थ्यो। अनि ठ्याक्कै त्यस्तै भयो। यहोशूले प्रतिज्ञा गरिएको भूमिमा कुलहरूलाई बसाएको समयमा तिनीहरूका आत्मिक दशा परिवर्तन भयो। तिनीहरूले त्यहाँबाट नधपाएका मूर्तिपूजक जातिहरूको प्रभाव तिनीहरूमाथि परेको थियो। राजनीतिक रूपमा, ती जातिहरूसँग मोशा वा यहोशूसँग भएको जस्तो शासन व्यवस्था थिएन। अनि परमेश्वरले अब न्यायकर्ता भनिने व्यक्तिहरूलाई खड़ा गर्नुहुन्छ। बाइबलमा यी न्यायकर्ताहरूको वर्णन गरिएको एउटा पुस्तक छ। ती न्यायकर्ताहरूको काम त्यस देशमा कुनै एउटा वा दुईटा कुलहरू बीचको मामिला समाधान गर्नुथियो। प्रायः ४०० वर्षसम्म यस्तो भइरहन्छ। के भयो भने एउटा कुल जहाँ बस्थ्यो त्यहाँ तिनीहरूलाई मूर्तिपूजकहरूको केही प्रभाव पऱ्यो, तिनीहरूले परमेश्वरको आज्ञा उल्लंघन गरे, त्यसको फलस्वरूप कुनै न कुनै रूपमा अर्को जातिले तिनीहरूमाथि आक्रमण गरे। तिनीहरूले सहायताका लागि परमेश्वरलाई पुकारे। परमेश्वरले दबोरा, गिदोन, एहूद जस्ता न्यायकर्तालाई खड़ा गर्नुहुन्छ। तपाईंले न्यायकर्ताहरूको पुस्तकमा यसबारे पढ्न सक्नुहुन्छ। अनि यी न्यायकर्ताहरूले त्यो कुललाई छुटकारा दिएर उद्धार गर्थे।
तिनीहरूले उनीहरूलाई परमेश्वरको आराधना गर्ने ठाउँमा फेरि फर्काएर ल्याउँथे। तर आखिरमा त्यो कुल फेरि अनाज्ञाकारी हुन्थ्यो। अनि तपाईं त्यहाँ यस्तो चक्र पाउनुहुन्छ, जुन ४०० वर्षसम्म चलिरह्यो र तिनीहरू एक राजा पाउन चाहे।
अब इस्राएल १२ कुलबाट एउटै राज्यमा परिणत हुन्छ। यसको बारेमा इतिहासको पुस्तकमा, पहिलो र दोस्रो शमूएल र राजाहरूको पुस्तकमा चर्चा गरिएको छ।
मानिसहरूले शमूएलसँग हामीलाई राजा दिनुहोस् भनी माग गर्छन्, किनकि तिनीहरू अरू सबै जातिहरू जस्तै हुन चाहन्छन्।

अनि परमेश्वरले जवाफ दिनुहुन्छ। परमेश्वरले तिनीहरूलाई तीन जना राजा दिनुहुन्छ। तिनीहरू ती राजा शमूएल जस्तै होऊन् भन्ने चाहन्छन्। र तिनीहरू चाहन्छन् कि राजा शमूएल जस्तै होस्। तिनीहरूसँग परमेश्वरले दिनुभएका राजाहरू होऊन् भन्ने चाहन्छन्। पहिले शाऊल, त्यसपछि दाऊद, अनि त्यसपछि सोलोमन। ती तीनै राजाहरूले लगभग ४०–४० वर्ष शासन गर्छन्। तर तिनीहरू एकअर्को भन्दा धेरै फरक हुन्छन्।

शाऊल सुरुमा राम्रै थिए, तर त्यसपछि तिनी बदलिए, र घमण्ड गर्न थाले।

तिनले पलिश्तीहरूसँग भएको युद्धमा आत्महत्या गरेर अन्त्य भए।

त्यसपछि दाऊद राजा बने, शाऊलका छोराहरू होइन। दाऊद परमेश्वरले अति नै रुचाउनुभएका व्यक्ति मानिस थिए। यस कालमा इस्राएल राजनीतिक र आत्मिक रूपमा सबैभन्दा राम्रो अवस्थामा थियो। यसै बेला ख्रीष्ट सबैभन्दा बढ़ी प्रतिबिम्बित हुनुभएका तपाईं पाउनुहुन्छ। त्यसको ४० वर्षपछि दाऊदले शासन सोलोमनको हातमा सुम्पे, जोसँग ठूलो बुद्धि थियो र तिनी परमेश्वरको धेरै आराधना गर्ने व्यक्ति थिए। तर अन्त्यमा विपुल धन र फजुलखर्ची तिनको विनाशमा परिणत भयो।

अनि त्यसको परिणाम यस्तो भयो।

यस समयमा संयुक्त राज्य थियो, अनि तीन राजाहरू– शाऊल, दाऊद, सोलोमन थिए। सोलोमनको शासनको अन्त्य हुँदा त्यो जिम्मा लिने त्यहाँ कोही पनि भएन। गृहयुद्धको कारण संयुक्त राज्यबाट विभाजित राज्यमा परिणत भयो। त्यो गृहयुद्ध प्रजामाथि लादिएको करको कारणले हुन्छ। त्यहाँ त्यति धेरै परिवर्तन भएको छैन। इस्राएल अब एउटा राष्ट्रबाट दुईवटा राष्ट्र बन्छ। उत्तरी राज्यलाई तिनीहरू इस्राएल भनिन्छ। त्यहाँ लगभग १० कुल छन्। दक्षिणी राज्यलाई तिनीहरू यहूदा भनिन्छ। त्यहाँ लगभग दुई कुल छन्। पहिलो इस्राएल। तिनीहरूसँग बोल्ने केवल दुई अगमवक्ता छन् – आमोस र होशे। त्यसपछि तपाईं त्यही प्रकारको चक्र पाउनुहुन्छ। उत्तरी राज्यका, दक्षिणी राज्यका मानिसहरूले परमेश्वरको आज्ञा उल्लंघन गर्छन्। परमेश्वरले उनीहरूसँग बोल्न, उनीहरूले के गर्नुपर्छ भनेर सम्झाउन एक जना अगमवक्ता खड़ा गर्नुहुन्छ। अनि तिनीहरूले पश्चात्ताप गर्छन्। तर त्यसपछि तिनीहरू फेरि त्यही चक्रमा फर्केर जान्छन्। आखिरमा, उत्तरी राज्यलाई ई. पू. ७२२ मा अश्शूर भनिने राष्ट्रद्वारा जितिन्छ। तिनीहरूको नीति सबैलाई छरपष्ट पार्ने हुन्छ। अश्शूरीहरूले सबैलाई सबै ठाउँमा छरपष्ट पार्छन्। तिनीहरूले अन्यजातिसँग अन्तरविवाह गर्छन्। तपाईंले नयाँ करार पढ़दा त्यहाँ सामरिया भनिने क्षेत्र पाउनुहुन्छ।

यहूदीहरू र सामरीहरू, तिनीहरूले एकले अर्कोलाई घृणा गर्छन्।

किनकि सामरीहरू यहूदीहरूको उत्तरी राज्यका मानिसहरू हुन् जसले त्यहाँ रहेर अरू जातिहरूसँग अन्तरविवाह गरेका थिए। त्यसैले तिनीहरू आंशिक रूपमा मात्र यहूदी हुन्। त्यसैले दक्षिणी राज्यका यहूदीहरूले तिनीहरूलाई दुष्ट ठान्छन्। तर तिनीहरूमा अझै पनि केही यहूदी निशानहरू छन्। तपाईं दक्षिणी राज्य पाउनुहुन्छ। तिनीहरू अझै नामेट भएका छैनन्। तिनीहरू पनि ई. पू. ५८६ मा बेबिलोन भनिने राष्ट्रको कब्जामा पर्छन्। तिनीहरूलाई कैद गरिन्छ। त्यहाँका दुवै कुललाई निर्वासनमा लगिन्छ। यस अवधिमा धेरै अगमवक्ताहरूले बोले। त्यसैले जब तपाईं योएल वा यशैया वा मीका वा यर्मिया, सपन्याह, हबकूकका पुस्तकहरू पढ्नुहुन्छ, तिनीहरू सबै दक्षिणी राज्यका मानिसहरूसँग बोलेका हुन्। यो बुझ्नु जरूरी छ, यस अवधिमा तिनीहरूसँग राजाहरू थिए, साथै अगमवक्ताहरू पनि थिए। बाइबलको पुरानो करार खण्ड अगमवक्ताहरूले बोलेका वचनहरूले भरिएको छ। उत्तरी राज्यमा बोल्ने अगमवक्ताहरू थोरै थिए, तर दक्षिणी राज्यको परिस्थितिबारे बोल्नेहरू धेरै थिए। तपाईं यस्तो विभाजित राज्य पाउनुहुन्छ। उत्तरी राज्य छरपष्ट भएको छ। दक्षिणी राज्यलाई निर्वासनमा लगिएको छ। तिनीहरू निर्वासनमा हुँदा तिनीहरू यो विशेष समयमा प्रवेश गर्छन्, किनकि तिनीहरू एक पवित्र जाति बन्ने दिशातिर बढ़छन्। तिनीहरूसँग यरूशलेम थियो। तिनीहरूसँग मन्दिर थियो। अब ती सबै नष्ट भएका छन्। अब तिनीहरू निर्वासन (कैद) मा छन्। अनि इस्राएल राष्ट्रमा एउटा परिवर्तन हुन्छ। तिनीहरू परिवर्तन हुन थाल्छन् र परमेश्वरको व्यवस्थामा धेरै जोड़ दिन्छन्, किनकि त्यहाँ अब कुनै राजा हुँदैन र मन्दिर पनि हुँदैन।

अनि परमेश्वरले ख्रीष्टका लागि परिस्थितिहरू तयार गर्दै हुनुहुन्थ्यो।

त्यसैले आफ्नो कैदको समयमा बोल्ने इजकिएल र दानियल जस्ता अगमवक्ताहरूले ख्रीष्टको भविष्यवाणी गर्दछन्।

अनि अब के हुन लागेको छ? तिनीहरू ७० वर्षसम्म निर्वासन बस्छन्। त्यसपछि नहेम्याह र एज्राको नेतृत्वमा तिनीहरूलाई शहर, त्यसका पर्खालहरू र मन्दिर पनि पुनर्निर्माण गर्न यरूशलेम फर्कन अनुमति दिइन्छ। नहेम्याह र एज्राले त्यही काम गरेका छन्, तिनीहरू राष्ट्रको पुनर्निर्माण गर्न फर्केर आउँछन्। अब तिनीहरूले मसीहको बाटो हेरिरहेका छन्। यस बारे विचार गर्नुहोस्। यो पुरानो करारको कथा हो। सुरुदेखि नै एउटा परिवार, अब्राहाम, इसहाक, याकूब योसेफद्वारा इस्राएल राष्ट्रसम्म, मिश्रमा कैदमा बसेको परिवारसम्म, ४०० वर्षपछि, मोशाले तिनीहरूलाई छुटकारा गराए, तिनीहरू उजाड़–स्थानमा हिंडे, एक राष्ट्रको रूपमा स्थापित भए, तर ४० वर्षसम्म उजाड़–स्थानमा घुमिहिँड़दा परमेश्वरको विरुद्धमा गए, यहोशूले तिनीहरूलाई नेतृत्व गरे, शाऊल, दाऊद र सोलोमनले तिनीहरूलाई एकताबद्ध नगरेसम्म एक राष्ट्रभन्दा बढी तिनीहरू कुल नै बनिरहे। तर त्यसपछि गृहयुद्धले तिनीहरूलाई उत्तर र दक्षिणमा विभाजित गर्दछ। उत्तरी राज्य नामेट हुन्छ। दक्षिणी राज्य अन्त्यमा निर्वासनमा लगिन्छ। तर ७० वर्षको निर्वासनपछि, तिनीहरूलाई फिर्ता आउन अनुमति दिइन्छ। तिनीहरूले यरूशलेम सहरको पर्खाल र मन्दिर पुनर्निर्माण गर्छन्। मलाकीको पुस्तक यही विवरणसहित समाप्त हुन्छ। तिनीहरू अब मसीहको बाटो हेर्छन्। अनि जब तपाईं नयाँ करारको पुस्तक खोल्नुहुन्छ, तब ४०० वर्ष बितिसकेको हुन्छ। जुन अवधिमा परमेश्वर मौन रहनुभएको हुन्छ।

तर अब कथा पूर्ण रूपमा फरक दिशातिर बढ्छ, किनकि अब हामीसँग ख्रीष्टको जीवन छ।
यो पूर्ण रूपमा भिन्न संसार हो। अब यो रोमी र ग्रीकहरूको शासन भएको संसार हो।
अनि सुसमाचारका पुस्तकहरूले दर्शाए अनुसार येशूको जीवनलाई तीन वर्षमा विभाजन गरिएको छ।
पहिलो वर्षमा, उहाँसँग धेरै आश्चर्यकर्महरू छन्। दोस्रो वर्ष, उहाँसँग धेरै शिक्षाहरू छन्। तेस्रो वर्ष उहाँको मृत्यु हुन्छ।
अनि सुसमाचारका पुस्तकहरू पढ्दा त्यसले बताएका महान् कथा बुझ्नु जरूरी छ। धेरैजसो सुसमाचारका पुस्तकहरूले येशूको जीवनको अन्तिम हप्ताको वर्णन गर्दछन्। उदाहरणका निम्ति मर्कूसको पुस्तक, जसको आधा भाग येशूको जीवनको अन्तिम हप्तासित सम्बन्धित छ, किनकि त्यो ख्रीष्टको जीवनको प्राथमिकता हो। ख्रीष्टको जीवन सुसमाचारका पुस्तकहरूद्वारा समाप्त हुन्छ। त्यसपछि तपाईं प्रेरितहरूको पुस्तक खोल्नुहुन्छ। अनि प्रेरितको पुस्तकदेखि नयाँ करारको अन्त्यसम्म मण्डली र मण्डलीहरू निर्माण भएको बारेमा छ। त्यो काम तिनीहरूले यरूशलेमबाट सुरु गर्छन्।
तर त्यसपछि तिनीहरू फैलिए। परमेश्वरले पावललाई बचाउनुहुन्छ, जसले अन्यजातिहरूकहाँ जाने यात्राहरू गर्छन् र ती यात्राहरूको नेतृत्व गर्छन्। अब संसारले सुसमाचार जान्न थाल्छ। प्रेरितहरूको पुस्तकले यसलाई एक प्रकारको इतिहासको घटनाको रूपमा उल्लेख गर्दछ। तर पावल र पत्रुस र अरू ठाउँ–ठाउँमा घुम्दै मण्डलीहरूमा सेवा पुऱ्याउँछन्, मण्डलीहरूमा समस्याहरू उत्पन्न हुन्छन्। तिनीहरूले यी मण्डलीहरूलाई तिनीहरूका आत्मिक समस्याहरू सम्बोधन गर्दै पत्रहरू लेख्छन्। ती नयाँ करारका पत्रहरू हुन्। त्यसैले कथा बुझ्नु र तिनीहरूले यी पत्रहरू किन लेखिरहेका छन् भनेर बुझ्नुले हामीलाई ती पत्रहरूको विषयवस्तु बुझ्न सहायता गर्दछ। त्यसपछि तपाईं अन्तिम पुस्तकमा पुग्नुहुन्छ। अन्तिम पुस्तक प्रकाशितवाक्यको पुस्तक हो।
तपाईं बुझ्नुहुन्छ, हामीले उत्पत्तिको पुस्तकको सुरुवातबाट अध्ययन थालेका थियौं।
हामी पुरानो करार र परमेश्वरले राष्ट्र (जाति) बनाउनुभएको कथा पढ्छौं। त्यो जातिले परमेश्वरको विरुद्धमा विद्रोह गर्छ। यसरी परमेश्वर को हुनुहुन्छ र उहाँले हामीसँग कसरी काम गर्नुहुन्छ र आफ्नो योजना कसरी बनाउनुहुन्छ भन्ने बारेमा जानकारी प्राप्त गर्छौं।
त्यसपछि हामी ४०० वर्षसम्म पर्खन्छौं।
अनि मसीह देखा पर्नुहुन्छ। हामी सुसमाचारका पुस्तकहरू र ख्रीष्टले गर्नुभएका कामहरूद्वारा उहाँको जीवनको बारेमा सिक्छौं।
त्यसपछि प्रेरितको पुस्तकमा मण्डली सुरु हुन्छ। अनि मण्डली बढ्दैजाँदा र समस्या र प्रश्नहरूको सामना गर्दै जाँदा, यी सबै पत्रहरूले हामीलाई बुझ्न सहायता गर्छन्। तर तपाईं प्रकाशको पुस्तकमा पुग्नुहुन्छ।
यदि तपाईंसँग सुरुवातहरू थिए भने प्रकाशको पुस्तक पनि वास्तवमा सुरुवातको अर्को कथा हो। प्रकाशको पुस्तक सबै कुरा अन्त्य भएको बारेमा होइन। यो वास्तवमा सुरुवातको बारेमा हो। किनकि बाइबलको सम्पूर्ण कथाले पृथ्वीको समयलाई समेट्दछ। अनि प्रकाशको पुस्तकको सुरुवातले अन्तिम युगको समयलाई समेट्दछ, जब ख्रीष्टियनहरू ख्रीष्टसँग महिमा, आश्चर्य र सुन्दरतामा सधैंभरि जिउनेछन्।
यहाँ यही कुरा महत्त्वपूर्ण छ।
यो कथा जान्नुहोस्, यो जान्नुभयो जब तपाईं बाइबलको कुनै पुस्तकहरू वा कुनै खण्डहरू पढ्नुहुन्छ, तब त्यो सम्पूर्ण कथामा कसरी मिल्दछ, परमेश्वरको महान् कथामा के भइरहेको छ भनी बुझ्नुहुनेछ। तपाईं एस्तरले के गर्दैछिन् र एलिया के गर्दैछन्, त्यहाँ के भइरहेको छ र तिनीहरू विभाजित राज्य वा संयुक्त राज्यको कुन समयमा छन् भनी बुझ्नुहुनेछ। तपाईं सुसमाचारका पुस्तकहरू बुझ्नुहुन्छ र ती पुस्तकहरूले कसरी ख्रीष्टको जीवन प्रतिबिम्बित गरिरहेका छन् र कसरी धेरै पटक पुरानो करारलाई औंल्याउँछन् भनी बुझ्नुहुन्छ। त्यसमा पुरानो करारका यी कथाहरूले नयाँ करारका शिक्षाहरू दर्शाएको जस्तो पाउनुहुन्छ। मैले संक्षिप्त रूपमा बताएको कथा जब तपाईं जान्नुहुन्छ, तब तपाईंले ती कथाहरू र सत्यहरू परमेश्वरको महान् कथामा कसरी मिलेका छन् भन्ने कुरा अझ स्पष्ट रूपमा बुझ्नुहुनेछ। यसरी तपाईं परमेश्वरको वचनलाई अझ प्रभावकारी ढंगमा र अझ धेरै प्रकाशका साथ सिकाउन सक्नुहुनेछ। कथा जान्नुहोस्।■